# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २९. अकं १२, वैशाख/जेठ २०८१ April/May 2024


## नेपाल बैंक लि.का प्रमुख कार्यकारी अधिकृत सँग व्यवसायिक विषयमा छलफल कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा संघको सचिवालयमा २०८१ बैशाख १७ गते नेपाल बैंक लि.का प्रमुख कार्यकारी अधिकृत सँग व्यवसायिक विषयमा छलफल कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न क्षेत्रका व्यवसायीहरूले व्यवसायिक कर्जा उपलब्धता एवम् तालिकिकरणमा सहजिकरणका लागि प्रस्ताव राखेका थिए ।

बाँकी ३ नं. पेजमा...

## ठोरी केरुङ्ग नाका सहज सञ्चालनका लागि उवासंघ-चितवन टोली नुवाकोट र रसुवा भ्रमण

उद्योग वाणिज्य संघ-चितवनको भ्रमण टोली २४ र २५ गते नुवाकोट र रसुवा उद्योग वाणिज्य संघका टिम संग भेटघाट गरेको छ । उद्योगी व्यवसायीहरूको हक हित, संरक्षण र सम्वर्द्धन गर्दै उद्योग व्यवसायमैत्री वातावरण निर्माण गर्नुका साथै ठोरी केरुङ्ग नाका सहज रुपमा सञ्चालन गर्न पहल गर्ने उद्देश्यले भ्रमण आयोजना गरिएको थियो । दुवै उद्योग वाणिज्य संघहरू सँग भएको भेटघाट कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले बागमती प्रदेशको सिमाना सँग जो डिएका छिमेकी मुलक भारत र चिनको ठोरी र केरुङ्ग नाका सहज




(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

**लक्ष्य (Mission)**

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

**परिकल्पना (Vision)**

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

**गुणस्तर नीति (Quality Policy)**

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक:**
बिष्णु लम्साल - कार्यसमिति सदस्य

**सदस्यहरु:**
हिम्मत पुरी, पदम पौडेल, वाशुदेव दवाडी, अमर कुंवर, नारायण काफ्ले, बाबुराम रामुदामु

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, विज्ञानलाल श्रेष्ठ

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत

रुपमा सञ्चालनमा ल्याउन सके व्यवसायिक गतिविधि अगाडी बढाउन सहज हुने बताउदैं उहाँले दुवै नाका सहज सञ्चालनमा आए बागमती प्रदेश एवम् समग्र देशको आर्थिक विकासले फड्को मार्ने बताउनुभएको थियो । केही समय अगाडी मात्रै भरतपुर महानगरपालिकारमाडीनगरपालिकोसमन्वयमाठोरीनाकासञ्चालनमाआएकोजानकारी दिदै उहाँले यस किसिमका भेटघाटले दुवै क्षेत्रका उद्योगी व्यवसायीको समस्या पहिचान गरी सम्बन्धित निकाय सँग पहल गर्नुपर्ने बताउनुभएको थियो । अध्यक्ष श्रेष्ठले भरतपुर भ्रमण वर्ष-२०२४ को अवसरमा भरतपुर आउन दुवै संघहरूलाई आग्रह गर्नुभएको थियो ।




भेटघाट एवम् छलफल कार्यक्रममा नुवाकोट उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र श्रेष्ठले नुवाकोट उद्योग वाणिज्य संघको संक्षित जानकारी दिदै ठोरी केरुङ्ग नाका सहज सञ्चालन एवम् बाटोको स्तरउन्नतीको लागि उद्योग वाणिज्य संघ-चितवन सँग मिलेर सम्बन्धित निकायको ध्यानार्कषण गराउने बताउनुभएको थियो । भेटघाट एवम् छलफल कार्यक्रममा रसुवा उद्योग वाणिज्य संघका अध्यक्ष सुकसाङ तमाङले रसुवाको बारेमा जानकारी गराउदै उहाँले व्यवसायिक समस्याका विषय एवम् ठोरी केरुङ्ग नाका सहज सञ्चालन तथा बाटो विस्तार गर्नका लागि उवासंघ संग सहकार्य गरेर पहल गर्ने बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष कल्याण जोशी, निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारीणी सदस्य तारा बहादुर कार्की , नुवाकोट उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष सरण सापकोटा लगायतले मन्तव्य राख्नुभएको थियो । छलफलमा ठोरी केरुङ्ग नाका सञ्चालन तथा सडकको स्तर उन्नती गर्ने साथै उद्योगी

व्यवसायीका समस्या आर्थिक नीति, राजश्व नीति, झन्झटिलो कर प्रणाली लगायत लगानीका सम्भावित क्षेत्रहरूका विषयमा तिन वटै उद्योग वाणिज्य संघहरू विच साझा धारण बनाएर समस्या समधानका लागि सम्बन्धित निकायको ध्यानार्कषण गराउने विषमा प्रतिवद्धता जनाएका थिए । भ्रमणको संयोजन संघका राष्ट्रिय तथा अन्तरराष्ट्रिय अध्ययन अवलोकन भ्रमण समितिका संयोजक दाताराम घिमिरेले गर्नुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको नेतृत्वमा पूर्व अध्यक्ष कल्याण जोशी निवर्तमान अध्यक्ष चुननारयाण श्रेष्ठ लगायत पदाधिकारी कार्यसमिति सदस्य, कर्मचारी सहित २८ जनाको भ्रमणमा सहभागिता रहेको थियो ।



भ्रमण टोली चिन सँगको सिमा नाका रसुवागढी सम्म पुगेको थियो ।

बाँकी...

कार्यक्रमा स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले व्यवसायी र बैंक एक अर्काका परिपुरक भएकोले व्यवसायी बाचे बैंक बाच्ने बताउदैं आर्थिक मन्दीको चपेटामा परेका व्यवसायीलाई कसरी राहत दिन सकिन्छ त्यस विषयमा ध्यान दिन नेपाल बैंक लि.का प्रमुख कार्यकारी अधिकृतज्यूलाई आग्रह गर्नुभएको थियो । कार्यक्रमका नेपाल बैंक लि. का प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेले भुकम्प र कोभिडले अर्थतन्त्र धरासायी बनाएको र बैंकका लगानीहरू समेत अनउत्पादक क्षेत्र जग्गा तथा शेयरमा लगानी बढ्दा नगद प्रवाहमा संकट परेको बताउनु भएको थियो । उहाँले व्यवसायीलाई समस्या परे बैंक वित्त संस्थाहरू पनी सुक्दै जाने बताउदैं सबैले फजुल खर्च कम गर्नुपने र उत्पादन मुलक क्षेत्रमा लगानी बढाउन व्यवसायीहरूलाई आग्रह गर्नुभएको थियो । उहाँले उद्योग वाणिज्य संघ-चितवनले भरतपुर लगायत चितवन जिल्लाको प्रमुख व्यवसायिक केन्द्रहरूमा बैंकको शाखाहरू सञ्चालन गर्न अनुरोध गर्दै आएकोमा भरतपुर १ स्थित मेनरोडमा नेपाल बैंक लि. को शाखा पुन सञ्चालनमा ल्याउन लागेको जानकारी गराउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष प्रचण्डलाल प्रधानले व्यवसायीहरू समस्यामा पर्दा अन्तत बैंकलाई नै समस्या पर्ने भएकाले उद्यमी व्यवसायीको समस्यालाई आत्मसाथ गर्दै बैंकहरूले कार्य गर्नुपर्ने बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष राजन गौतमले बैंकहरूले घर, गाडी भन्दा उत्पादनमुलक क्षेत्रमा लगानी बढाउन आग्रह गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष कल्याण जोशी, सहनलाल प्रधान, निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, उपाध्यक्ष त्रय राजेन्द्र ओली, अशोक अधिकारी, नारायण प्रधान, संघका कार्यसमिति सदस्यज्यूहरू, नेपाल बैंक लि. नारायणगढ शाखाका शाखा प्रवन्धक रमेश न्यौपाने, नेपाल बैंक लि. का सरोजप्रसाद उपाध्यायको उपस्थिति रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

## मिनी प्रदर्शनी केन्द्र निर्माणका लागि बागमती प्रदेशका माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीलाई प्रस्तावना हस्तान्त्रण

२०८१ वैशाख २८ गतेका दिन उद्योग वाणिज्य संघ चितवनको तर्फबाट प्रस्तावना हस्तान्तरण गरिएको थियो । संघले निर्माण गर्ने योजनामा रहेको मिनि प्रदर्शनी केन्द्रको प्रस्तावित प्रस्तावना संघका कार्यकारी निर्देशक निलबहादुर केसीले बागमती प्रदेशका माननीय उद्योग , वाणिज्य, भूमि तथा प्रशासन मन्त्री प्रकाश श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो। मन्त्रालयमै पुगी मन्त्रीज्यूको कार्यकक्षमा उक्त प्रस्तावना हस्तान्तरण गरिएको थियो । प्रस्तावना ग्रहण गर्दै मन्त्री श्रेष्ठले आफुले सक्दो प्रयास गर्ने र कुनैन कुनै तवरले सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्नुभएको थियो। उवासंघ चितवनको गतिविधि र योजनाका वारेमा मन्त्रीज्यूलाई अवगत गराउँदै आगामी आर्थिक बर्षको बजेटमा मिनि प्रदर्शनी केन्द्र निर्माणको लागि बजेट विनियो जन गरिदिनका लागि कार्यकारी निर्देशकले अनुरोध गर्नुभएको थियो।



## संघद्धारा उपप्रधानमन्त्री एवम् गृहमन्त्रीलाई स्वागत सरकारको आगामी बजेटले निजीक्षेत्रलाई ऐतिहासिक उत्साहित बनाउँछ लामिछाने




चितवनका उद्योगी व्यवसायीहरूको छाता संस्था उद्योग वाणिज्य संघ चितवनले २०८० बैशाख २९ गते एक कार्यक्रमका विच नेपाल सरकारका उपप्रधान तथा गृह मन्त्री रवि लामिछानेलाई स्वागत तथा छलफल कार्यक्रम सम्पन्न गरेको थियो। संघका अध्यक्ष सुमन कुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा चितवन क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य समेत रहनु भएका उपप्रधान तथा गृहमन्त्री

रवि लामिछाने प्रमुख अतिथी रहनु भएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथी लामिछानेले नेपाल सरकारको आगामी नीति, कार्यक्रम तथा बजेटले निजी क्षेत्रलाई ऐतिहासिक उत्साहित बनाउने बतोनुभएको थियो । त्यहि अनुसार नै सरकार नीति, कार्यक्रम तथा बजेट निर्माणमा जुटेको उहाँको भनाई थियो । आर्थिक उन्नतीको जग नवसालेसम्म आर्थिक समृद्धिको कल्पना गर्न नसकिने वताउँदै उहाँले व्यवसाय मैत्री नीति निर्माणमा सरकारले ध्यान दिने बताउनुभएको थियो । सहकारीको समस्या सामधानमा फास्टट्र्याकमा कानुन निर्माण बनाएर समाधान गर्नुपर्नेमा उहाँको जोड थियो । कार्यक्रममा गृहमन्त्री लामिछनेले संघले माग गरेका चितवनमा लगानी  सम्मेलन, अन्तर्राष्ट्रिय कृषि प्रदशनि र ष्मभब दबलप को काम सुरु गर्न संघलाइ अनुरोध गर्दै आफुले सहयोग गर्ने जनाउनु भएको थियो । साथै रात्रिकालिन बजारको लागि आफुले पहल गर्ने बताउदै निर्धक्क रुपमा ब्यवसाय चलाउन अनुरोध गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष सुमन कुमार श्रेष्ठले चितवनको निजी क्षेत्रको अवस्था, आर्थिक मन्दिको असर, समग्र चितवनको आर्थिक तथा सामाजिक विकासमा उद्योग वाणिज्य संघ चितवनको भुमिकाको विषयमा जानकारी गराउनुभएको थियो । उहाँले ६५ बर्ष भन्दा लामो ईतिहांस बोकेको उवासंघ चितवनले राज्यलाई निरन्तर सहयोग गर्दै व्यवसायिक हितका सवालमा राज्य र राज्य संयन्त्रलाई राय सुझाव पनि पेश गर्दै आइरहेको वताउँदै हाल कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनलाई विकासका मुख्य आधार बनाई आफ्ना गतिविधि गर्दै आइरहेको वताउनुभएको थियो । आगामी बर्षको बजेट के कस्तो हुनुपर्दछ भन्ने सवालमा समेत संघले यस अगावै अर्थ मन्त्रालयमा सुझाव पठाईसकेको जनाउँदै उहाँले ति सुझावहरूलाई सम्बोधन हुने व्यवस्थाका लागि गृहमन्त्री लामिछानेलाई अनुरोध गर्नु भएको थियो । उहाँले देशको विकासमा उद्यमी व्यवसायीको भुमिका महत्वपुर्ण रहने बताउँदै देशमा बढ्दो श्रम पलायन रोक्दै उत्पादन बढाउन सके देश आर्थिक समृद्धिको वाटोमा जाने बताउनुभएको थियो । उहाँले निर्माणाधी अवस्थामा रहेको गौतमवुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणमा तिब्रता दिनका साथै पोखरा बसपार्क देखी गोलाघाट सम्मको नारायणी किनारमा सडक विस्तार लगायत नवलपुर सँग जोड्ने पुलको निर्माण गरी पर्यटकीय गतिविधि बढाउन, रात्रिकालिन बजार सन्चालन गर्न लगायतका ब्यवसायिक विषयमा गृहमन्त्रीको ध्यानार्कषण गराउनु भएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका पुर्व अध्यक्ष एवं रास्वपाका केन्द्रिय सदस्य राजन गौतमले आउट डेटेड भएका पुराना निति खारेज गरि समयानुकूल बनाउन माग गर्नुभएको थियो ।, कार्यक्रममा संघका विशिष्ट सदस्यहरू विमल क्षेत्री, डा. मनोहर प्रधान, सुर्यनारायण पौडेलले शिक्षा , पर्यट, र स्वास्थ्य क्षेत्रका समस्या र सुझाब सहितका मन्तब्य दिनु भएको थियो । सोहि अवसर मा सघका पुर्व उपाध्यक्ष सिरिस पन्त, कार्यसमिति सदस्य श्रीकृष्ण लम्साल, होटल व्यवसायी संघ चितवनका अध्यक्ष लोकनाथ भट्ट (कृष्ण), कम्प्युटर एसोसिएसन चितवनका अध्यक्ष टेकलाल भुषाल, निर्माण सामाग्री (हाडवेर) व्यवसायी संघ चितवनका निवर्तमान अध्यक्ष हरि प्रसाद गैरेलगायतले बोल्नु भएको थियो । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष चिरन्जीवि सुवेदीले कार्यक्रममा उठेका विषयहरू संवोधन हुने कुरामा विश्वास व्यक्त गर्दै धन्यवाद ज्ञापन सहित कार्यक्रम समापन गर्नु भएको थियो । कार्यक्रम उवासंघ चितवनका कार्यकारी निर्देशक निल बहादुर केसीले संचालन गर्नु भएको थियो ।

## उवासंघ चितवनद्धारा कुमाल सामुदायिक होमस्टेका महिलालाई आचार बनाउने तालिम प्रदान

उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् कुमाल सामुदायिक होमस्टेको समन्वयमा २०८० जेठ २ देखी ४ गते सम्मको ३ दिने अचार बनाउने तालिम सम्पन्न गरेको थियो । तालिम भरतपुर महानगरपालिका वडा नं २८ स्थित रहेको कुमाल सामुदायिक होमस्टेमा त्यहाँका सञ्चालक महिलाहरुलाई दिईएको थियो । तालिमको उद्घाटन कार्यक्रममा स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले उद्यमशिलता विकासको लागि सिप आवश्यक पर्ने बताउदैं उहाँले संघले जिल्लाका सवै तह र तप्काका उद्यमीलाई उद्यमशिलता तर्फ उन्मुख गराउन संघ प्रयत्नसील



रहेको बताउनुभएको थियो । उहाँले नेपालीको खानानै पर्यटकको रोजाईमा पर्ने हुनानले यसलाई विविधिकरण गर्दै लैजान पर्ने बताउदै उहाँले आगामी दिनमा थप तालिमको आवश्यकता परे दिन संघ तयार रहेको बताउनुभएको थियो । कार्यक्रममा वोल्दै भरतपुर महानगरपालिका वडा नं २८ का वडा अध्यक्ष दण्डपाणी रिजालले उद्योग वाणिज्य संघ-चितवन सँग सहकार्य गर्न वडा तयार रहेको बताउदैं उहाँले आगामी दिनमा मिलेर काम गर्ने बताउनुभएको थियो । उहाँले प्रशिक्षार्थीहरुलाई राम्रो संग सिक्न आग्रह गर्दै तालिमको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । कुमाल सामुदायिक होमस्टेका सल्लाहकार श्याम अधिकारीले यो विकट दुर्गम स्थानमा आएर तालिम प्रदान गर्नुभएकोमा उद्योग वाणिज्य संघ-चितवन प्रति आभार व्यक्त गर्नुभएको थियो । तिन दिन सम्म सञ्चालित तालिमको प्रशिक्षक चित्रा गुरुङ रहनुभएको तालिममा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । तालिमको उद्घाटन समारोहको अध्यक्षता उद्योग वाणिज्य संघ-चितवनको अध्यक्ष सुमनकुमार श्रेष्ठले गर्नुभएको थियो भने समापन समारोहको अध्यक्षता उद्योग वाणिज्य संघ-चितवनको कार्यसमिति सदस्य एवम् तालिम संयोजक सुनिता लिगल कर्मचार्यले गर्नुभएको कार्यक्रम कुमाल सामुदायिक होमस्टेका सह सचिव चन्द्रमायाँ कुमालले सञ्चालन गर्नुभएको थियो ।

## व्यवसायिक समस्या समाधान र सहकार्य गर्न प्रतिवद्ध छु : महावाणिज्य दुत डि.एस. मिना




नेपालका लागि भारतिय महावाणिज्य दुत डि.एस. मिनाले नेपाली व्यवसायी सँग सम्बन्धित समस्या समाधान गर्न र सहकार्य गर्नमा महावाणिज्य दुतावास सदैव तयार रहेको बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनले २०८० जेठ ४ गते संघको सचिवालयमा आयोजना गरेको स्वागत तथा अन्तरिक्रिया कार्यक्रममा उक्त कुरा बताउनुभएको थियो । उहाँले उद्योग वाणिज्य संघ चितवनले आयोजना गर्न लागेका कार्यक्रममा सहयोग र सहकार्य गर्ने समेत बताउनुभएको थियो । कार्यक्रममा मन्तब्य राख्दै संघका अध्यक्ष सुमन कुमार श्रेष्ठले भारत र नेपाल वीचको सम्बन्ध ऐतिहांसीक भएको बताउदै दुवै देश वीच समाजिक, सांस्कृतिक, भौगोलिक एवम् आर्थिक समानाता पाईने भएकाले एक अर्का वीच सहकार्य हुनुपर्ने बताउनुभएको थियो । कार्यक्रममा उहाँले मुख्यतया नेपाली व्यवसायीहरुलाई भारत प्रवेश गर्दा, सामान आयात गर्दा हुने समस्यालाई समाधान गर्न अनुरोध गर्नु भएको थियो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले द्धिराष्ट्रिय पर्यटन प्रवर्द्धनका लागि उवासंघ चितवनले लगानी चितवन बिषयक कार्यक्रम आयोजना गर्न लागेको बताउदै सहकार्यको लागि अनुरोध गर्नुभएको थियो । उहाँले बर्ष २०२४ लाई भरतपुर भ्रमण बर्षको रुपमा मनाईरहेको बताउदै यो बर्षमा भारतका उद्यमी व्यवसायीहरुलाई भरतपुर भ्रमणका लागि समन्वय गर्न अनुरोध गर्नुभएको थियो । सोही कार्यक्रममा संघका निबर्तमान अध्यक्ष चुननारायण श्रेष्ठले खुला बजार नीति, खुला सिमा र व्यक्तिगत सम्बन्ध समेत रहेको भारत र नेपाल वीच आर्थिक समृद्धिका सवालमा सहकार्य गर्नुपर्ने बताउनुभएको थियो । सोही कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनको तर्फबाट अध्यक्ष सुमन कुमार

श्रेष्ठले २ फरक फरक कार्यक्रमका प्रस्तावनाहरु महावाणिज्य दुत डि.एस. मिनालाई हस्तान्तरण गर्नुभयो भेन प्रस्तावना ग्रहण गर्दै महावाणिज्य दुत मिनाले सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्नुभएको थियो । कार्यक्रममा संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले भारतिय उद्यमी र लगानी कर्तालाई नेपालमा लगानी गर्न प्रोत्साहन गर्न अनुरोध गर्नुभएको थियो । कार्यक्रममा संघका पदाधिकारी विशिष्ट सदस्य, सल्लाहकार, कार्यसमिति सदस्य, वस्तुगत संघका सदस्य , नेपाल भारत मैत्री संघका अध्यक्ष, सचिव लगायतको उल्लेख्य उपस्थिति रहेको थियो । संघका अध्यक्ष सुमन कुमार श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो भने वरिष्ठ उपाध्यक्ष चिरञ्जिवि सुवेदीले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

## बागमती प्रदेश सरकारका मन्त्रालयमा संघको प्रस्तावना पेश




उद्योग वाणिज्य संघ-चितवनले २०८१ जेष्ठ ७ गते चितवनको आर्थिक सामाजिक विकासको माग सहित बागमती प्रदेश सरकारले ल्याउन लागेको आ.व ०८१/०८२ बजेटमा रकम बिनियोजन गरि दिनको लागि विभिन्न शिर्षकमा बगमती प्रदेशका माननीय पर्यटन मन्त्री , माननीय सामाजिक विकास मन्त्री , उद्योग सचिव, कृषि सचिव लगायत लाई संघले प्रस्तावना पेश गरेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठज्युको नेतृत्वमा गएको टोलिमा वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, कार्यकारी निर्देशक निल बहादुर केसी, साधारण सदस्य श्रवण रेग्मिको सहभागीता रहेको थियो।

## सामुदायिक होमस्टेको प्रवर्द्धन गर्दै उवासंघ-चितवन

भरतपुर महानगरपालिका वडा नं २८ जितपुर शिशावासमा स्थित कुमाल सामुदायिक होमस्टेको प्रवर्द्धन सम्बन्धी उद्योग वाणिज्य संघ-चितवन र कुमाल सामुदायिक होमस्टे विच २०८१ जेठ ९ गते सम्झौता पत्रमा हस्ताक्षर भएको थियो । सम्झौता पत्रमा हस्ताक्षर गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले होमस्टेले नेपालको पर्यटन विकासका साथै कला संकृतिको जगेर्ना गर्न सहयोग पुर्‍याउने बताउनुभएको थियो । उहाँले होमस्टे सञ्चालनले टिपिकल रैथाने खानाको प्रवर्द्धन हुनका साथै स्थानिय आय स्रोतमा समेत वृद्धिहुने बताउदैं उहाँले होमस्टेका सञ्चालक महिलाहरुलाई जिवन स्तर माथि उकास्न आवश्यक तालिम सेमिनार हरुको मागका आधारमा संघले उपलब्ध गराउने बताउनुभएको थियो ।



कार्यक्रममा कुमाल सामुदायिक होमस्टेका अध्यक्ष ताराचन मास्के ले उद्योग वाणिज्य संघ-चितवनले कुमाल सामुदायिक होमस्टेको प्रवर्द्धन कार्यमा सहयोग गर्ने प्रतिबद्धता जनाएकोमा आभार व्यक्त गर्दै सम्झौता अनुरुप कार्यगर्न तयार रहेको बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनले कुमाल सामुदायिक होमस्टेको प्रवर्द्धकको भूमिका निर्वाह गर्नुपर्ने र होमस्टेको सेवा सुविधाको बारेमा प्रचार प्रसार तथा परिचयात्मक ब्रोसर छपाई गर्ने एवम् परिचयात्मक वोर्ड राख्नुपने सम्झौता पत्रमा उल्लेख गरिएको छ। साथै संघद्धारा प्रकाशन हुने वुलेटिन लगायतका समाग्रीहरुमा होमस्टेको जानकारीका बारेमा प्रकाशन गर्नुपर्ने सम्झौतामा उल्लेख छ। उद्योग वाणिज्य संघ-चितवनले कुमाल समुदायिक होमस्टेमा सञ्चालकहरु द्धारा उत्पादित अर्गानिक बस्तुहरुको बजारीकरणमा सहयोग गर्ने तथा प्रवर्द्धन र व्यवस्थापनका लागि सम्बन्धित निकायमा सहयोग माग गर्नमा समेत सहजीकरण गर्ने सम्झौतमा उल्लेख रहेको छ। संघको प्राथमिकताको क्षेत्रमा रहेका कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन अर्न्तगत पर्यटन प्रबर्द्धनार्थ उक्त सम्झौता गरिएको हो। सम्झौता पत्र हस्ताक्षर कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, प्रथम उपाध्यक्ष राजेन्द्र ओली, कार्यकारी निर्देशक निलबहादुर के.सी, कुमाल सामुदायिक होमस्टेका अध्यक्ष ताराचन मास्के, सचिव पदमबहादुर कुमाल, सल्लाहकार केशवप्रसाद लम्सालको सहभागिता रहेको थियो ।

## व्यवसायिक कानुनका विषयमा अभिमुखिकरण कार्यक्रम सम्मपन्न




संघमा आवद्ध उद्योगी व्यवसायीहरुलाई व्यवसायिक कानुनका बारेमा सचेत गराउने उद्देश्यले उद्योग वाणिज्य संघ-चितवन आफ्नो सभाकक्षमा २०८१ जेठ ११ गते एक दिवसीय व्यवसायिक कानुनका विषयमा अभिमुखिकरण तथा छलफल कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा स्वागत मन्तव्य दिदै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले कानुनी विषयमा अन्जानमा गल्ति भएको भन्ने नहुने भएकाले आफ्नो व्यवसाय सँग सम्बन्धित कानुन जान्न उद्योगी व्यवसायीहरुलाई अनुरोध गर्दै उहाँले व्यवसायीहरुलाई कनुनका विषयमा सजग गराउन कार्यक्रम आयोजना गरेको बताउनुभएको थियो । कार्यक्रममा प्रमुख स्रोत व्यक्ती सवोर्च अदालतका वरिष्ठ अधिवक्ता एवम् उद्योग वाणिज्य संघ-चितवनको पूर्व कानुनी सल्लाहकार प्रभु कोईरालाले कर्पोरेट कानुन, वाणिज्य कानुन र प्रचलित सार्वजनिक खरिद ऐन एवं सर्बोच्च अदालतको व्याख्या/नजीरका सम्बन्धमा जानकारी गराउदैं उहाँले उद्योगी व्यवसायीहरुको जिज्ञासा सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, द्धितीय उपाध्यक्ष अशोक अधिकारी, कार्यकारी निर्देशक निलबहादुर केसी, संघका सल्लाहकारज्यूहरु, विशिष्ट सदस्यज्यूहरु, कार्यसमिति सदस्यज्यूहरु, वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरु, कर्पोरेट सदस्यज्यूहरु, संघमा आवद्ध उद्योगी व्यवसायीज्यूहरुको सहभागिता रहेको थियो। उद्योग वाणिजय संघ-चितवनको अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवदेले सञ्चालन गर्नुभएको थियो।

## आर्थिक विधेयक २०८१ ले गरेका केहि विशेष छुट तथा सहुलियतहरु

१. **करको दायरामा आउनेलाई छुट दिने सम्बन्धी व्यवस्थाः** (१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिम आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सोभन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन।

२. **आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः** स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुनेछ।

३. **मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः** संवत् २०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफूले बुझाउनु पर्ने कर बिवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ।

४. **अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायकलाई मूल्य अभिवृद्धि कर छुट सम्बन्धी व्यवस्थाः** (१) मूल्य अभिवृद्धि करमा दर्ता भएका वा नभएको अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक व्यक्तिले संवत् २०८० साल जेठ १५ गतेदेखि संवत् २०८० साल असोज मसान्तसम्मको अवधिमा हवाई यातायात सेवामा सङ्कलन गर्नु पर्ने मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको वा दाखिल नगरेको भएमा त्यस्तो मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर तथा ब्याज मिनाहा हुनेछ।

(२) नेपालबाट उडान सुरु नगर्ने अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक (अफलाईन एअरलाईन्स) ले संवत् २०८० साल जेठ १५ गतेदेखि सङ्कलन गरेको मूल्य अभिवृद्धि कर संवत् २०८१ साल असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई बुझाएमा सोमा लाग्ने ब्याज, जरिवाना, थप दस्तुर मिनाहा हुनेछ।

५. **ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी व्यवस्थाः** (१) मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नु पर्ने ढुवानी साधनको भाडा तथा ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिले संवत् २०७६ साल जेठ १५ गतेदेखि संवत् २०७८ साल जेठ १४ गतेसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई वा नभई मूल्य अभिवृद्धि करयोग्य कारोबार गरी कर सङ्कलन नगरेको भए सो कारोबार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मंसिर मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोबारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई कारोबार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मंसिर मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

६. **आलु, प्याज तथा स्याउको आन्तरिक उत्पादनमा मूल्य अभिवृद्धि कर छुट सम्बन्धी व्यवस्थाः** नेपालमा उत्पादन भएका आलु, प्याज तथा स्याउको कारोबार गर्ने व्यक्तिले संवत् २०८१ साल जेष्ठ १४ गतेसम्म त्यस्तो कारोबार गरे बापत लाग्ने मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको भए त्यस्तो कर रकम र सो कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिवाना मिनाहा हुनेछ।

७. **कर्जा सूचना प्रदायक निकायलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी व्यवस्थाः** (१) नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त बैङ्क तथा वित्तीय संस्थालाई कर्जा सूचना सेवा प्रवाह गर्ने उद्देश्यले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८ बमोजिम स्थापना भएको निकाय मूल्य अभिवृद्धि करमा दर्ता नभएको भए संवत् २०८१ साल असार मसान्तभित्र मूल्य अभिवृद्धि करमा दर्ता भई उक्त मितिसम्म सङ्कलन गर्नु पर्ने मूल्य अभिवृद्धि करको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल असोज मसान्तभित्र बुझाएमा बाँकी मूल्य अभिवृद्धि कर, जरिवाना, ब्याज र थप दस्तुर मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोबारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई उपदफा (१) बमोजिम हुने रकम संवत् २०८१ साल असोज मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

## उद्योग वाणिज्य संघ-चितवनमा सदस्यता लिएपछि स्वास्थ्य सेवा तथा हस्पिटालीटी सेवा पाउने छुट सुविधाहरु

### स्वास्थ्य सेवा :

**१. एन. पि. आई. नारायणी सामुदायिक हस्पिटल**

- आधिकारीक परिचय पत्र भएका उद्योग वाणिज्य संघ-चितवनका सदस्यहरुलाई हस्पिटलमा उपलब्ध ओ.पि.डी टिकट, औषधी, सीटी स्क्यान र Impalnt बाहेक अन्य सम्पुर्ण सेवामा १५ प्रतिशत छुट पाईने छ।

**पुनश्च :** उद्योग वाणिज्य संघ-चितवन बाट छुट कार्ड उपलब्ध गराईने छ।

**२.चितवन मेडिकल कलेज (CMC)**

- सडक दुर्घटना, कस्मेटिक सर्जरी, Dental Treatment, Medico Legal Case, ओ.पि.डी र इमर्जेन्सी टिकट बाहेक स्वास्थ्य उपचार सेवामा २५ प्रतिशत र फार्मेसीमा ७ प्रतिशत रमक छुट पाईने छ।

**पनश्च :** उद्योग वाणिज्य संघ-चितवन बाट उपलब्ध गराईएको परिचय पत्र चितवन मेडीकल कलेजमा देखाई चितवन मेडिकल कलेजले छुट कार्ड उपलब्ध गराउने छ।

**३. कलेज अफ मेडिकल साइन्स (COMS) टिचिङ्ग हस्पिटल**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | ओ.पि.डी | २५ प्रतिशत |
| २. | आई.पि.डी | १५ प्रतिशत |
| ३. | फार्मेसी | ०५ प्रतिशत |
| ४. | रेडियोलोजी | १० प्रतिशत |

**४. चितवन मुटु हस्पिटल प्रा.लि.**

फार्मेसी बाहेकका सवै सेवामा २० प्रतिशत छुट सुविधा पाउने।

**५. निको चिल्डेन हस्पिटल**

फार्मेसी बाहेकका सवै सेवामा १५ प्रतिशत छुट सुविधा पाउने।

### हस्पिटालीटी सेवा :

**१. चितवन मिड टाउन रिसोर्ट प्रा. लि. (CMT), भरतपुर १०, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |
| ३. | हल भाडा | १० प्रतिशत |

**२. ग्यालेक्सी गार्डेन रिसोर्ट प्रा. लि. , भरतपुर-४, यज्ञपुरी**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |

**३. भरतपुर गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-१०, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |
| | | |

**४. अशोका रिसोर्ट प्रा. लि., भरतपुर-२९, दासढुङ्गा, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |
| | | |

**५. रोज गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-९, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |
| | | |

**६. सिराईचुली होटल, भरतपुर-१०, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० प्रतिशत |
| २. | कोठा सुविधा | १५ प्रतिशत |

**७. होटल रोयल सेन्चुरी प्रा. लि, भरतपुर-१०, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | ३५ प्रतिशत |

**८. गन्तव्य रिसोर्ट, पोखरा-१९, लेकसाईड कास्की**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २५ प्रतिशत |

**केबुलकार सेवा**


**१. मनकामना दर्शन प्रा. लि.**

संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने

**पुनश्च :** उद्योग वाणिज्य संघ-चितवन बाट उपलब्ध गराईएको परिचय पत्र बाट छुट सुविधा लिन सकिने छ।







Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०८१ असर ४ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४५०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ५००० |
| ३. साना मंसुली | प्र्ति क्वि. | ३८०० |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | ४००० |
| ५. धान मोटो नया | प्रति क्वि | ३८०० |
| ६. चामल (वार) | प्रति क्वि | ७२०० |
| ७. चामल (सावा) | प्रति क्वि | ७५०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ६५ |
| ९. मकै | प्रति क्वि. | ३६०० |
| १०. गहुँ | प्रति क्वि. | ५००० |
| ११. कोदो | प्रति क्वि. | ६८०० |
| १२. फापर | प्रति क्वि. | १४००० |
| १३. चना | प्रति के.जी. | १२० |
| १४. केराउ | प्रति के.जी. | १२० |
| १५. भटमास | प्रति के.जी. | १२५ |
| १६. रहर दाल | प्रति के.जी. | २४० |
| १७. मसुरी दाल | प्रति के.जी. | १४० |
| १८. मासको दाल | प्रति के.जी. | २०० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १९० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ८० |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ७५ |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | ८५ |
| घ. क्याटल फिड | प्रति के.जी. | ५० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ५५ |
| २१. प्याज | प्रति के.जी. | ९५ |
| २२. तोरीको तेल | प्रति १० ली. | १८५० |
| २३. भटमासको टेल | प्रति १० ली. | १९४० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | १९५० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ६८० |
| २७. मरिच | प्रति के.जी. | १४०० |
| २८. धनियाँ | प्रति के.जी. | २०० |
| २९. क. सुन | प्रति तोला | १४२२०१ |
| ख. चाँदी | प्रति तोला | १७९९ |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १०३०० |
| ख. २६ गेज रंगीन | प्रति वण्डल | १५२०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | ११४ |
| ख. ८ मि.मि. | प्रति के.जी | १०८ |
| ख. १० मि.मि. | प्रति के.जी | १०४ |
| ग. १२ मि.मि. | प्रति के.जी | १०४ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ६४० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ६३५ |
| ख. सर्वोत्तम सिमेन्ट PPC | प्रति बोरा | ४९० |
| ग. सर्वोत्तम सिमेन्ट OPC | प्रति बोरा | ५९० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४८० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | ३८० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ८०० |
| घ. लेयर्स कुखुरा जिउदो | प्रति के.जी. | ५०० |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६५० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४५० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ५३० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ६०० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ९० |
| ख. दही | प्रति लि. | १२० |
| ग. पनिर | प्रति के.जी. | ९०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | १३०० |
| च. घ्यू | प्रति के.जी. | १२०० |
| छ. खुवा | प्रति के.जी. | १००० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

**प्रापक :**

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

..............................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०